# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय)

पत्र संख्याः २०७५।७६

मितिः २०७५।१२।११

श्री प्रमुखज्यू,
पाखिवास नगरपालिका,
धनकुटा ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट पाखिवास नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ११ लाख ७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३४ हजार, नियमित गर्नुपर्ने रु.७५ लाख १२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३५ लाख १६ हजार र पेश्की रु.४५ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १५ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

पाखीवास नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्ने तथा स्थानीय स्तरमा सेवा प्रदान गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने बिकास तथा सेवा सम्बन्धी कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्ने, ध्येयले स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नगरपालीकाको मुल लक्ष्य हो । कुल १४४.२९ व.की.मी.क्षेत्रफल र २२०७८ जनसंख्या रहेको यो नगरपालीकामा १० वडा र ५३ सभासदस्य रहेको छन ।

**स्थानीय सञ्चितकोष** : आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १८४६५३६५.४४ | १ | **चालु खर्च** | २५९२६७४९.६४ | १४६२७९७२५.९९ |
| | क) नगद | १५०३०३.८७ | ० | २ | **पूँजीगत खर्च** | १२०३५२९७६.३५ | ० |
| | ख) बैंक | १८३१५०६१.५७ | ० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ३३३८४७२.०४ | | क) ऋण भुक्तानी | | ० |
| | क) आन्तरिक राजस्व | ३३३८४७२.०४ | ० | | ख) ब्याज भुक्तानी | | ० |
| | ख) राजस्व बाँडफाँड | | ० | | ग) अन्य भुक्तानी | | ० |
| | ग) अन्य आय | | ० | ४ | **लगानी** | | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | २९९९१०२०० | | ऋण लगानी | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | १६०५८७०००.० | ० | | शेयर लगानी | | ० |
| | ख) सशर्त अनुदान | १०४२९०००.० | ० | | अन्य लगानी | | ० |
| | ग) सामाजिक सुरक्षा | ३५११४२०००.० | ० | ५ | आन्तरीक आय तर्फको खर्च | ३०००० | ३००००.० |
| | | | | ६ | जनसहभागिता | १५६६७००.० | १५६६७००.० |
| | घ) विशेष अनुदान | | ० | ७ | **जि.स.स. अनुदान** | ६०००००.० | ६०००००.० |
| | | | | ८ | **वित्तिय हस्तान्तरण** | | ० |
| | | | | | क. सशर्त अनुदान | ९९९८८९९९.९५ | ९९९८८९९९.९५ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १००००००.० | | ख संशर्त अनुदान को.ले.नि.का फिर्ता | ४२२००००.० | ४२२००००.० |
| | क)वित्तीय समानीकरण अनुदान | | ० | | ग.सामाजिक सुरक्षा सशर्त | ३४९९२२००.० | ३४९९२२००.० |
| | ख) सशर्त अनुदान | १००००००.० | ० | | घ. समपुरक अनुदान | | ० |
| | ग) समपूरक अनुदान | | ० | | ङ विशेष अनुदान | | ० |
| | घ) विशेष अनुदान | | ० | ९. | प्रदेश सरकारबाट अनुदान | | १००००००.० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | १११८०९२९.० | | क. वित्तिय समानीकरण अनुदान | | ० |
| | एल.जि.सि.डि.पि चालु | ९४७०००.० | ० | | ख. सशर्त अनुदान | १००००००.० | ० |
| | एल.जि.सि.डि.पि पूंजिगत | ६०००००.० | ० | | ग. समपुरक अनुदान | | ० |
| | सडक बोर्ड | ३६३३९२९.० | ० | | घ. विशेष अनुदान | | ० |
| | संस्कृति प्रवर्द्धन कार्यक्रम | ६००००००.० | ० | १०. | अन्तर स्थानीय तहबाट प्राप्त | | १५४७०००.० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | एल.जि.सि.डि.पि चालु | ८८३४२५.० | ० |
| | क) ऋण प्राप्ति | | ० | | एल.जि.सि.डि.पि पूंजिगत | ६०००००.० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) साँवा प्राप्ति | | ० | | एल.जि.सि.डि.पि फिर्ता | ६३५७५.० | ० |
| | ग) ब्याज प्राप्ति | | ० | ११ | सडक बोर्ड | ३६३३९२९.० | ४७८४५१९.० |
| | घ) अन्य प्राप्ति | | ० | | गत वर्षको मौज्दातबाट खर्च | ११५०५९०.० | ० |
| ६ | **विभिन्न कोषतर्फको आय** | ३५०१२२०.९४ | ३५०१२२०.९४ | १२. | संस्कृति प्रवर्द्धन कार्यक्रम | ६००००००.० | ६००००००.० |
| ७ | **जनसहभागिता (नगद)** | १५६६७००.० | १५६६७००.० | १३ | धरौटी फिर्ता | २५८६६२.० | २५८६६२.० |
| ८ | **जि.स.स. अनुदान** | ६०००००.० | ६०००००.० | १४. | धरौटी मौज्दात | २८३१२२२.३४ | २८३१२२२.३४ |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | ० | १५ | कोष खर्च | ४५८०००.० | ४५८०००.० |
| १० | **धरौंटी आय** | ३०८९८८४.३४ | ३०८९८८४.३४ | १६. | मौज्दात | | ३८३९६४७३.३९ |
| ११ | **लगानीको साँवा फिर्ता** | | ० | | क) नगद मौज्दात | २१४२४९५२.०६ | ० |
| १३ | **अन्य विविध आय** | ३००७३०.९६ | ३००७३०.९६ | | ख) बैंक मौज्दात | १३९२८३००.३९ | ० |
| | | | | | ग) कोष तर्फको वैंक मौज्दात | २९५८३२८.७१ | ० |
| | | | | | घ) कोष तर्फको वैंक मौज्दात | **८४८९२.२३** | ० |
| | **जम्मा** | | **३४२९५३५०२.७२** | | **जम्मा** | | **३४२९५३५०२.७२** |

**केन्द्रिय राजस्व तर्फ :** कारोवार नभएको

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **एकिकृत आर्थिक विवरण** : नगरपालिकाको बित्तिय बिवरण परीक्षण गर्दा नियममा तोकेको ढाँचा बमोजिम प्रोदभावी लेखा राखी तयार नगरेको, कुल सम्पत्ति र दायित्व देखिने गरी लेखा तयार नगरेको, हस्तान्तरण भई प्राप्त भएका सम्पत्तिको अभिलेख अद्यावधिक नभएको आदी व्यहोरा देखिएकोले वित्तीय विवरणहरुले कारोबारको वास्तविक र यथार्थ चित्रण गर्ने देखिदैन । | |
| २. | **अनुमानित आय व्यय** : पाखीवास नगरपालिको मिति २०७४।४।२१ को नगर कार्यपालिकाको वैठकले आ.व. २०७४।७५ को लागि नेपाल सरकारको १६०५८७०००.० समेत वडा समिति विषयगत शाखाले गर्ने सेवा कार्यहरुका लागि ३२२९६३०००.० को अनुमानित आय व्यय पेश गरेको विषयगत कार्यहरुसंग सम्वन्धित ६ योजनाहरुमा १ करोड नगरस्तरीय योजनाहरु ४६ का लागि ८ करोड १९ लाख वडा स्तरीय कार्यहरुका लागि ४ करोड ७२ लाख र १३ करोड ९१ लाखको मात्र योजना कार्यक्रमगत बजेट बांडफांड गरिएको छ । सडक बोर्ड तर्फ १५ लाख सामाजिक कार्यक्रमको ४ करोड ५० लाख र शिक्षा, स्वास्थ्य र कृषिको ससर्त अनुदान १४ करोड २६ लाखको शिर्षकगत कार्यक्रम अनुसार बजेट बांडफांड गरिएको छैन । यस देखि वाहेकको अनुमानित बजेट के कुन कार्यक्रमहरुमा बांडफांड गरिएको हो खुलाईएको छैन । | |
| ३. | **भवन निर्माण ढीलाइ :** सुरु बजेट विनियोजनमा नगरपालिकाको भवन निर्माण गर्न २ करोड बजेट व्यवस्था गरेकोमा यस आर्थिक वर्षमा सो निर्माण कार्य हुन नसकेको देखियो । भवन निर्माणको बजेटबाट हलुका सवारी साधननमा ३९ लाख वडा कार्यालयका लागि २० लाख र व्याक हुल लोडर खरिदमा ४४ लाख समेत १ करोड ३ लाख खर्च गरिएकोमा २०७५।३।१९ को नगर सभाबाट रकमान्तर स्वीकृत गरेको छ । भवन निर्माण कार्य चालु आ.व. २०७५।७६ मा निर्माण व्यवसायी कन्सालिङ्ग । सारा दुष्टी जे.भीसंग २०७८।४।३० भित्र कार्य सक्ने गरी मिति २०७५।४।३० मा रु.४५०२८५१५.० को ठेक्का सम्झौता गरेको देखिन्छ । नगरपालिका भवनको निर्माण कार्यलाई प्राथमिकताको आधारमा गत वर्ष नै निर्माण आरम्भ नगरिएका कारण समयमा निर्माण सम्पन्न भएमा अव ३ वर्ष पछि मात्र भवन उपयोग गर्न सक्ने स्थिति देखिन्छ । | |
| ४. | **विचार नगरी योजना छनौट :** सुरु विनियोजनमा राम्चे भ्यूटावर निर्माणको लागि ५० लाख बजेट व्यवस्था भएकोमा सो कार्य नगरी एकिकृत सम्पत्ति करका लागि कम्प्यूटर तथा फर्निचरमा रकमान्तर गरि २० लाख खर्च गरेको छ । त्यस्तै खानेपानी र सिंचाईको लागि विषयगतमा विनियोजन गरेकोमा यी कार्यहरु नगरी वृहत स्वास्थ्य परीक्षण र खानेपानी डि.पी.आर.मा २० लाख खर्च गरेको छ । शौचालय निर्माण र पत्रकारिता विकास कार्यक्रममा व्यवस्था गरेको ५ लाख मध्ये स्रोत व्यवस्थापन र कलेज भवन उद्घाटन जस्ता कार्यमा खर्च गरेको छ । यसरी हेर्दा सुरु | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | योजना छनौट र बजेट व्यवस्था गर्दा विचार नभएका देखिन्छ । | |
| ५. | **पूंजिगत निर्माणमा भएको खर्च :** वित्तिय समानिकरण चालु र पूंजिगत खर्च तर्फ अलग अलग श्रेस्ता खडा गरी वैंक नगदी किताव तयार हुनुपर्नेमा सम्पूर्ण खर्चको एउटै श्रेस्ता राखेको पाईयो । वैंक नगदी किताव अनुसार वर्ष भरी १४,६२,७९,७२५.९९ खर्च गरेको छ सो मध्ये चालु र पूंजिगत खर्च कति हो छुट्याउन सकिदैन । वास्तविक पूंजिगत निर्माणमा भएको खर्च एकिन हुनु पर्दछ । | |
| ६. | मिति २०७४।४।२१ को पाखिवास नगरपालिकाको नगर कार्यपालिकोको वैठकको निर्णय नं ५ मा निम्नानुसारका निर्णयहरु गर्ने कार्यतालिका तयार गरेकोमा सो मिति अनुसारको कार्यतालिका बमोजिम कार्य भएको पाइएन । | |
| | १. स्रोत अनुमान र कुल बजेट सीमा निर्धारण २०७४।४।१७ सम्ममा<br>२. बस्ती टोलहरुबाट योजना छनौट गर्न कार्य २०७४।४।२६ सम्म<br>३. वडा स्तरिय योजना प्राथमिकिकरण २०७४।४।२८ सम्म<br>४. बजेट तथा कार्यक्रम तर्जुमा र तयारी २०७४।४।३०<br>५. नगरपालिकाको वैठकबाट बजेट कार्यक्रम स्वीकृत गर्ने २०७४।४।३१<br>६. नगरसभाबाट बजेट कार्यक्रम स्वीकृत गर्ने २०७४।५।५ भित्र | |
| ७. | नगरपालिका कार्यालय भवन निर्माणको बजेट रकमान्तर गरी न्यू गौरव अटो सेन्टर, विराटनगरबाट टेण्डर माध्यमबाट ७ वटा मोटर साईकल खरिद गरी २०७५।३।२७ मा १७१४३००.० भुक्तानी भएको छ । आवश्यकता पहिचान गरी वार्षिक खरिद योजना बनाई खरिद कार्य हुनु पर्नेमा २०७४।८।२७ देखि २०७५।३।५ सम्म अन्य ६ वटा सोझै मोटर साईकल खरिद गरी १६,५४,८००.०० समेत भुक्तानी गरेको पाईयो । नियमको पालना नगरी खरिद कार्य गरी सकेपछि नगर कार्यपालिकाको निर्णयले भए गरेको सम्पूर्ण कार्यहरुलाई समर्थन गरेको कार्यालयको भनाई रहेतापनि नियमको पालना गरी खरिद गरिनुपर्दछ । | |
| ८. | **मू.अ.कर दाखिला :** नगरस्तरीय योजना अर्न्तगत न.पा. वडा नं १ र २ मा पर्ने पाखीवास सान्ने सडक निर्माणमा ५०,००,०००.० बजेट व्यवस्था भएकोमा पाखीवास सान्ने सडक उ.स. संग २०७४।३।३ मा सम्झौता गरी २०७४।९।१२ मा १६६०८००.० पेस्की उपलब्ध गराएको छ । श्रमदान २५९१५३.० समेत ५२,५९,१५४.० को कार्य गरी विल पेश गर्दा अरुण आर के.नि.स. एण्ड सप्लायर्स, पाखीवासको २०७४।२।१० को विजक १० अनुसार मेशिनको कार्यवापत मू.अ.कर २६१९५६.० समेत २०१५०४६ भुक्तानी गरेको छ । उपभोक्ता समितिले गरेको कार्यको अलगै अभिलेख नभएको, कार्य सम्पन्न प्रतिवेदन नभएको देखियो । निजलाई मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा मू.अ.कर दर्ता नं ६०६८५००९२ भेरिफाई गर्दा २०७४ कार्तिक देखि नन् फाइलर देखिएकोले म.ू.अ.कर दाखिला गरेको प्रमाण पेश नभए असूल हुनुपर्ने रु. | २,६१,९५६. |
| ९. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाबाट सो अनुसार भएको देखिएन । | |
| १०. | **श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरंपालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण सन्तुलीत वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा नगरपालिकाले संयोजक मात्र तोकेको र अन्य समिति सदस्यहरुको चयन गरेको देखिएन । | |
| ११. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । यस सम्वन्धी समिति गठन भएको देखिएन । | |
| १२. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलब्ध गराई सवै नगरपालिकाहरुले Sub National Tresury | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सफ्टवेयरले पेश्कि रकमलाई दोहोरो वजेट खर्च देखाउने, भौचरहरु सहज तरिकाले परिमार्जन गर्न मिल्ने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन । सफ्टवेयरको विस्वसनियता परिक्षण गरी सम्वन्धित निकायवाट स्विकृति समेत लिएको नदेखिएकोले नगरपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन । आ.व. २०७५।७६ बाट अनिवार्य रुपले लागु गरिएको कार्यालयको भनाई रहेतापनि ऐनले निर्दिष्ट गरे बमोजिम लेखा राख्नु पर्दछ । | |
| १३. | **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्याकन गर्न सकिने स्थिति देखिएन । नगरपालिका सर्सत सामाजिक सुरक्षा अनुदान तर्फ चालु वर्ष ३,५१,१४,२००.० प्राप्त भएकोमा रु.३,४९,९२,२००.० खर्च भई वांकी रु.१,२२,०००.० को.ले.नि.का फिर्ता गर्नुपर्नेमा गरेको नदेखिएकोले फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु. | १,२२,०००.० |
| १४. | **लक्ष्य/प्रगति स्थिति** – आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र नियम २६ अनुसार तालुक कार्यालयले भौतिक एवं वित्तिय प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन । | |
| १५. | **लेखा स्रेस्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं.१०८ र २३ जस्ता खाता नराखेको, एकभन्दा बढी कार्यक्रमका लागि एकैपटक पेश्की दिई काम गर्ने गराउने गरेको, समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं. वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको जस्ता व्यहोराहरु देखिएको छ । जसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली नियम ९५ अनुसार भएको र कार्यालय प्रमुखबाट नियमित चेकजाँच भएको छ भन्न सकिएन । यसमा कार्यालय प्रमुखले ध्यान दिई आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्नुपर्दछ । | |
| १६. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधारमा यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रयाप्त ध्यान दिएको देखिएन । उक्त बिषयमा नगरपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणलीलाई व्यवस्थित गर्नपर्ने देखिन्छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन, कार्य संचालन तथा कार्य प्रवाह तालीका स्वीकृत गरेको देखिएन,<br>● परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,<br>● सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग सुनुवाई भएको छैन,<br>● योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन,<br>● निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन,<br>● आयोजनाको भौतिक प्रगति सन्तोषजनक छैन,<br>● अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,<br>● करको दायरा पहिचान भएको छैन,<br>● ठेक्का सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न नहुने तथा आयोजना अधुरा रहने गरेको छ,<br>● योजना हस्तान्तरण तथा खचंको सावंजनिक परीक्षण भएको छैन, | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ● योजनागत कन्टिन्जेन्सी खर्चको पारदर्शीता अनुसार खर्च गर्ने गरेको छैन,<br>● बैंक मार्फत भुक्तानी भएकोमा लाभग्राहीको नाम नामेसी सहितको बैंक स्टेटमेन्ट पेश भएको छैन,<br>● फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छैन,<br>● जिम्मेवारीको सूची/कार्य विभाजन तोकिएको अनुरुप भएको छैन,<br>● राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>● अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>● प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ प्रक्रियागत भएको छैन । | |
| १७. | **भवन नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम नगरपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । नगरपालिकाले यस वर्ष भवन नक्शा पास सम्वन्धी कार्य गरेको देखिएन । नगरपालिकाले नगरक्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गर्न भवन निर्माण संहिता पालना गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ । | |
| १८. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख अद्यावधिक गरेको देखिएन । | |
| १९. | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| २०. | **चौमासिक खर्च सन्तुलन**ः स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार तोकिएबमोजिम चौमासिक रुपमा कार्यक्रम/क्रियाकलाप सञ्चालन गरिनु पर्दछ । नगरपालिकाले यो बर्ष २५ करोड ९५ लाख ३६ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा ३ करोड ५९. लाख २५ हजार (१३.८४ प्रतिशत ), दोश्रो चौमासिकमा ६ करोड ३५ लाख १२ हजार ( २४.४७ प्रतिशत ) र तेस्रो चौमासिकमा १६ करोड ९८ हजार ( ६१.६८ प्रतिशत ) र आषाढमा मात्र ७ करोड २० लाख २१ हजार (२७.७५) खर्च गरेको पाइयो । आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभाबमा सुपरीबेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सँचालन गरि खर्च गर्ने व्यबस्था अबलम्बन गर्नुपर्दछ । | |
| २१. | **जनशक्ती व्यबस्थापन** : स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुन नसकेकोले ५१ दरबन्दी स्वीकृत भएकोमा संघीय सरकारबाट ६ सरुवा भई आएको , साविक स्थानीय निकायमा कार्यरत ११ गरी जम्मा १७ पद पुर्ति भई ३४ पदमा दरबन्दी रिक्त रहेको देखियो । कार्यालयमा कायम दरबन्दीमध्ये धेरै कर्मचारीहरुको पद रिक्त रहेकोले, कार्य चाप, ढिलासुस्ति तथा कार्यमा गुणस्तरियता हुन नसक्ने हुनाले र लक्ष्य अनुरुप प्रगति हासिल गर्न कठिन हुने भएकोले दरबन्दी अनुरुप पदपुर्ति गर्नेतर्फ सम्बन्धीत निकायको ध्यान जानुपर्ने देखिन्छ । | |
| २२. | **सेवा प्रवाह** : नगरपालिकाको कार्यालय पाखिवासले नगरवासीको लागि विभिन्न प्रकारका सेवाहरु प्रवाह गर्दै आएको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस बर्ष नागरिकता सिफारिस,नाताप्रमाणित,घरबाटो सिफारिस, जन्म मृत्यु दर्ता लगायत अन्य विभिन्न सेवा प्रवाह गरिरहेको छ । सेवा प्रवाहलाई समयानुकुल प्रभावकारी गराउदै लानु पर्दछ । | |

| सेवा प्रवाहको विवरण | निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|
| नागरिकता सिफारिश | ५५४ | ५५४ | - |
| घरबाटो सिफारिश | १८० | १८० | - |
| नाता प्रमाणित | १४० | १४० | - |
| जन्म | ७९३ | ७९३ | - |
| मृत्यु | २३४ | २३४ | - |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | | रकम |
|---|---|---|---|---|---|
| | विवाह | २४५ | २४५ | - | |
| | बसाई सराई | १६१ | १६१ | - | |
| | सम्वन्ध विच्छेद | २ | २ | - | |
| | चार किल्ला प्रमाणित | २६४ | २६४ | - | |
| | जन्ममिति प्रमाणित | ४२ | ४२ | - | |
| | नामसारी | ५४ | ५४ | - | |
| | विद्युत मिटर सिफारिश | ६० | ६० | - | |
| | निशुल्क सिफारिश | ३१ | ३१ | - | |
| | अन्य सिफारिश | ५८० | ५८० | - | |
| २३. | **सफ्टवेयर प्रणाली** : सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा १८(ग) वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहारिएर आउने लगायत समस्या देखिएको हुन सक्छ । केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ । | | | | |
| २४. | **खरिद योजना :-** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ८ मा सार्वजनिक निकायले बार्षिक १० लाख रुपैया भन्दा बढि रकमको खरीद गर्नुपर्ने भएमा बार्षिक खरिद योजना बनाउनु पर्ने व्यबस्था छ । नगरपालिकाले बार्षिक १० लाख भन्दा बढिको कार्यालय समान लगायत १५ करोड भन्दा बढिको निर्माण कार्य बिभिन्न उपभोक्ता समितमार्फत गर्ने गरेको छ । नियमाबलीको व्यवस्था अनुसार खरिद योजना बनाउने गरेको देखिएन ।  खरीद  योजना नहुँदा चौमासिक रुपमा गर्नुपर्ने निर्माण कार्य आर्थिक बर्षको अन्तमा बढि गर्ने गरेको देखियो । खरिद नियमाबली अनुसार कार्यक्रम सँचालन गर्नुपर्दछ । | | | | |
| २५. | **आयोजना हस्तान्तरण** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट ९६ भन्दा बढि आयोजना सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन ।  जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने हुदा हस्तान्तरण हुनु पर्ने देखिन्छ । | | | | |
| २६. | **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अुनसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त  हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेट परेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | | | | |
| २७. | **नापी किताब** निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ । साथै यसरी तयार गरिएको नापी किताब म.ले.प.फा.नं १७२ मा उल्लेख गरि काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनी सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुंदा नं. ३ मा उल्लेख छ ।<br>नगरपलिका कार्यालयले नापी सम्बन्धी अभिलेख नापी किताबमा राखेको भए तापनि अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब  लुज सिट मा तयार  गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी  ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुन्छ । अभिलेख राखी स्वीकृत | | | | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ । | |
| २८. | **बिमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को ११२ अनुसार खरिद संम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक २० लाख रुपिया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार, लगायत कामदार तथा कर्मचारी समेतको बीमा गराउनु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाको कार्यालयले जतिसुकै मूल्य बराबरको ठेक्का पट्टा लगायतको निर्माण कार्य र तेश्रो पक्ष समेतको बीमा गराउने गरेको छैन । नियममा भएको व्यवस्था बमोजिम भविष्यमा आउन सक्ने संभावित जोखिमलाई न्यूनिकरण गर्न बीमा गराउने तर्फ कार्यालयले ध्यान दिएको देखिएन । तसर्थ निर्माण कार्यमा आईपर्ने सम्भावित जोखिमलाई न्यूनिकरण गरी समयमा कार्य सम्पन्न गर्नको लागि नियममा भएको व्यवस्था अनुसारको बीमा गराउने तर्फ ध्यान जान जरुरी देखिन्छ । | |
| २९. | **उपभोक्ता समिति मार्फत कार्य :** नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को वार्षिक पुस्तिका अनुसार यस नगरपालिकाको माग आधारित पारित योजना मध्ये यस वर्ष योजना संचालनको लागि बजेट विनियोजन गरी कार्यक्रमहरु संचालन गरेको छ । साना प्रकृतिका रु.१० हजार देखि १ करोड सम्मका वडा स्तरीय योजनाहरु उपभोक्ता समिति मार्फत पूर्वाधार विकास स्थानीय सडक पुल तथा झोलुंगे पुल (रिंगरोड) सामाजिक विकास स्वास्थ्य भवन, पुल तथा कल्भर्ट जस्ता निर्माण कार्यहरु उपभोक्ता समितिको २० प्रतिशत लागत सहभागिता मार्फत संचालन गरेको छ । | |
| ३०. | **उपभोक्ता मार्फत निर्माण कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ ले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधिको व्यवस्था गरेको छ । अधिकांश नगरका वडा स्तरीय निर्माण कार्यहरु उपभोक्तासंग सम्झौता गरी १०-२० प्रतिशत सम्म श्रमदान र वांकी रकम कार्यसम्पन्नको आधारमा भुक्तानी दिने गरी उपभोक्तासंग सम्झौता गरी निर्माण कार्य गरेको कारण सो सम्वन्धी केही व्यहोरा यस प्रकार छन् : | |

| सि.नं | योजनाको नाम | रकम |
|---|---|---|
| १. | पाखीवास सान्ने सडक (वडा नं १ कार्यालय सम्म) | ५०००००००.० |
| २. | पाखीवास पन्चकन्या सडक (रमिते सडक) | २०,००,०००.० |
| ३. | सिंहदेवी चौक उत्तरपानी सडक | २०,००,०००.० |
| ४. | यलम्वर चौक हेल्थपोष्ट सिंहदेवी सडक | २०,००,०००.० |
| ५. | सान्ने दियाले खोलाखर्क अंधेरीघाट ग्रामिण सडक | ३०,००,०००.० |
| ६. | पाखीवास फलाटे देसीटोल शहिद यज्ञ गजेभन्ज्याङ्ग ग्रामिण सडक | २०,००,०००.० |
| ७. | पाखीवास फलाटे अधेरीघाट सडक | ५०,००,०००.० |
| ८. | फुरामाङ्गथान कात्तिके चुम्वाङ्ग ग्रामिण सडक | २०,००,०००.० |
| ९. | उत्तरपानी अमौरा ग्रामिण सडक | २०,००,०००.० |
| १०. | धर्मशाला मन्सीचौतारा गम्भिरे सडक | ५०,००,०००.० |
| ११. | रमिते देउराली ओखे हात्तिखर्क पन्चकन्या सुन्तले पहेले कन्यापोखरी ग्रा.स. | ४०००००.० |
| १२. | पहेले डांडा पाथिभरा लिप्पे, सरसस्वती सारुगाउं विजुवाखोला ग्रा.स | ३०००००.० |
| १३. | पाथीभरा शक्ति पिठ मन्दिर मर्मत | ६००००.० |
| १४. | बुद्धको मूर्ति तथा गुम्वा रङरोगन र मर्मत | ६००००.० |

| | | |
|---|---|---|
| | **क**. उपनियम (१) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि रु.१ करोड सम्मको निर्माण कार्य वा सो सम्वन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन पर्ने व्यवस्था गरेको छ । नगरपाालिकाले अधिकांश कार्यहरु उपभोक्ता समिति मार्फत गराउने गरेको । | |
| | **ख**.उप नियम (३) अनुसार उपभोक्ता समूहबाट लाभग्राही समुदायले गर्ने काम वा सेवाका सम्वन्धमा खरिद सम्झौता गर्नुपर्ने र त्यस्तो सम्झौतामा उपभोक्ता समूहले व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि, कामको गुणस्तर नियन्त्रण गर्ने, सम्पन्न निर्माण कायको मर्मत सम्भार , सम्पन्न निर्माण कार्यको भुक्तानीको शर्त र तरिका अन्य आवश्यक कुराहरु सम्झौतामा स्पष्ट रुपमा खुलाउनु पर्नेमा अधिकांश सम्झौतामा यी कुराहरु खुलाउने गरेको पाइएन । | |
| | **ग**. उपनियम (७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफ्नो प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टांस गर्नुपर्ने उल्लेख भएपनि सो नगरि कार्य गरेको पाइयो । | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३१. | **उपभोक्ता समितिको कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन विल भपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायलको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था भएतापनि अधिकांश उपभोक्ता समितिले निर्माण कार्यको लागि खरिद गरिएका निर्माण सामाग्री विल भरपाईहरु संलग्न नगरी प्राविधिक मूल्यांकन नापी किताव समुदायको बैठकको माइन्यूटसम्म राखी भुक्तानी गरेको छ । उपभोक्ता समिति मार्फत गरिएको निर्माण कार्यमा के कति निर्माण सामाग्री लाग्ने हो सो को विवरण समेतको लागत अनुमान तयार गरी आवश्यक निर्माण सामाग्री खरिद गर्नुपर्नेमा लागत इष्टिमेटमा उल्लेख गरेको कामको परिमाणसंग मेल नखाने गरी घटी बढी हुने गरी सामान खरिद गरेको विल संलग्न गरेकोले इष्टिमेट बमोजिम कार्य भएको भन्ने सक्ने अवस्था देखिएन । पेश गरेको निर्माण सामाग्री खरिद विलबाट निर्माण कार्यको लागि पयाप्त भए नभएको प्राविधिकबाट पुष्ट्याइए सहितको नापी किताव , कार्य सम्पन्न प्रतिवेदन र मूल्यांकन समेत हुनु पर्दछ । | |
| ३२. | **सवारी साधान खरिदः** नगरंपालिकाको प्रथम नगरसभाबाट पूंजीगततर्फ कार्यक्रमतर्फ विकास निर्माण कार्यको बजेटबाट सवारी साधान खरिद गर्न बजेट पारित गरेको छ । कार्यालयले सवारी साधान मोटरसाईकल खरिद गर्न सिलबन्दी दरभाउपत्रको माध्यमबट न्यू गौरब अटो सेन्टर,विराटनगरवाट ७ गोटा मोटर साईकल रु.१७,१४,३००। मा र विभिन्न सप्लयार्सबाट ६ गोटाको रु.१६,५४,८००। फरक दरमा पटक पटक गरी जम्मा १४ गोटा मोटर साइकल खरिद गरी रु.३३,६९,१००। खर्च गरेको छ । त्यसैगरी गाडी खरिदको लागि सिलवन्दी दरभाउपत्र आव्हान गरी अग्नि इन्कोपोरेटेड प्रा.लि. पानीपोखरीबाट स्कोरपियो १ गोटाको रु.३६,६०,०००। र आ.ए.इन्टरप्राईजेज झापाबाट ब्याक्यो लोडर १ गोटाको रु.३७,९०,०००। जम्मा रु.१,०८,१९,१००। खर्च लेखेको छ । यसरी नगरंपालिकाको आन्तरिक श्रोत समेतको आम्दानी रकम समाबेश गरि खरिद गर्नुपर्नेमा पूर्वाधार विकास तर्फको बजेटबाट सवारी साधन खरिद गरेको देखिन्छ । | |
| ३३. | **हेभी मेशीनबाट कार्य गराएको :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (२) मा काम वा सेवाको प्रकृति परिमाण, लाग्ने रकम, उपभोक्ता समितिले व्यहोर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सूचाना प्रकाशन गरी प्रस्ताव माग गर्ने निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र उपभोक्ता समितिले आवश्यकता अनुसार छलफल, वार्ता वा निर्माणस्थलको भ्रमण गरी निर्माण कार्यको डिजाइन, लागत अनुमान तयार गर्ने, गुणस्तर नियन्त्रण गर्ने, निर्माण कार्य समुदायको सहभागितामा सम्पन्न हुने, सम्पन्न निर्माण कार्यको संचालन वा मर्मत संभार समुदायले गर्नुपर्ने प्रावधान राखी सम्झौता गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई मेशिन प्रयोग गर्न सकिने व्यवस्था छ । सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा सबैजसोमा एक्साभेटर मेशिन प्रयोग गरी खन्ने कार्य गरेको छ । कार्यको नाम,चेनेज नम्बर खादिको डिटेल सर्भे गरेको छैन । निर्माण कार्यमा प्रयोग भएका मेशिनको क्षमता, आयू र प्रति घ.मी. खन्न कति परिमाण इन्धन खपत हुने हो खुलाएको छैन । भूक्तानी विलमा इष्टिमेट बमोजिम परिमाण, दर नखुलाई एकमुष्ट रकम देखाउने गरेकोले विल अनुसार काम भए नभएको एकिन गर्न सकिदैन । निर्माण व्यवसायी तथा कम्पनीले सडक खनेको विल पेश गरेको आधारमा उपभोक्ता समिति मार्फत १८ आयोजनाको रु.२,५७,४०,०००. भुक्तानी खर्च लेखेको छ । नमूना छनौट गरी परीक्षण गर्दा कार्यको छुट्टा छुट्टै परिमाण नखुलाई एकमुष्ट सडक खनेको विल रकम पेश गर्ने गरेको छ । लागत अनुमानमा उपभोक्ता समितिले जनश्रमदान रकम व्यहोर्ने उल्लेख गरेतापनि एक्साभेटर मेशिनबाट कार्य गराएको एकमुष्ट विल रकम नै उपभोक्ता समितिको जनश्रमदान रकम समेत व्यहोरिएको हुंदा उक्त रकम रु. २५३५३२८।१२ नियमित मान्न नसकिएको रु…………………… | २५३५३२८।१२ |

| गो.भा.नं.र मिति | उपभोक्ता समितिको नाम | लागत अनुमान रकम | कार्यालयको व्यहोर्ने रकम | उपभोक्ता समितिले व्यहोर्ने रकम | निर्माण व्यवसायीको विल रकम | निर्माण व्यवसायीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ७३।२०७४।८।१ | रिंगटिंग हाउस देखि कोसेथान सडक उ.स. | ३,३१,५५२।८५ | ३,००,०००।०० | ३१,५५२।८५ | ३,३१,५५२।९० | सुजन निर्माण सेवा,धनकुटा | जनश्रमदान नव्यहोरेको |
| ७७।०७४।८।५ | यलम्बरचौक हेल्थपोष्ट सिंहदेवी ग्रा. सडक उ.स. | २०,७५,११९।२४ | २०,००,०००।० | १,९५,११९।२५ | ३,४८,५७९।७७ | पंचकन्या देवी निर्माण सेवा,धनकुटा | व्यहोरिएको |
| ७९।०७४।८।८ | श्री जाल्पादेवी खेलमौदान निर्माण | १०,४१,१४४।८२ | १०,००,०००।०० | १,०१,१४४।८२ | १०,४१,२००।०० | पाखीवास निर्माण | जनश्रमदान |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उपभोक्ता समिति | | | | | सेवा,धनकुटा | नव्यहोरेको |
| ८८।०७४।८।१३ | सिंहदेवीचौक उत्तरपानी ग्रा.सडक ३ बोके उ.स | २०,७३,३०१।६२ | २०,००,०००।०० | १,९३,३०१।७६ | ४,६६,९६२।९७ | दिल निर्माण सेवा प्रा.लि.भैसिपंखा, भोजपुर | व्यहोरिएको |
| १०५।०७४।८।१४ | घोलाखर्क कमलटार बुच्चेडाडा ग्रा.स.स्तरउन्नती उ.स. | ५,२०,१८०।०० | ५,००,०००।०० | २०,१८०।०० | ४,९०,०००।०० | सुजन निर्माण सेवा,पाखीबास | जनश्रमदान नव्यहोरिएको |
| १२४।०७४।९।११ | कट्टेलडांडाको सडक | १०,४४,६२४।० | १०,०००००।०० | १,०४,६२४।०० | ९,१६,७३७।३६ | सुजन निर्माण सेवा,धनकुटा | ,, |
| १७४।०७४।१०।४ | थाक्ले तामांगटोल धापसिरान जलदेवी ग्रा.सडक योजना,उ.स | ७,७४,८८२।७४ | ७,००,०००।०० | ७४,८८२।७४ | ७,३३,०००।०० | पंचकन्या देवी निर्माण सेवा, धनकुटा | ,, |
| २०९।०७४।१०।२५ | खत्रीडांडा घांमे सुनबालुवा ग्रा.सडक | ७,३२,६४४।०९ | ७,००,०००।०० | १०१,६७०।०० | ७,३२,९९९।९९ | मार्सेली निर्माण सेवा, भोजपुर | ,, |
| २१३।०७४।११।८ | वडास्तरीय डिकुरे मालसो ग्रा.सडक स्तरउन्नति ५ | १०,४५,२८३।४५ | १०,००,०००।०० | १,२२,३७७।१८ | १०,४५,२८३।४५ | सुजन निर्माण सेवा धनकुटा | ,, |
| २३१।०७४।११।२ | वडास्तरीय तकुवा नकुवा ग्रा.सडक योजना १० | ६,२७,६९५।११ | ६,००,०००।०० | ८२,८५५।७४ | ६,३२,१८४।०३ | पंन्चकन्या देवी निर्माण सेवा,धनकुटा | ,, |
| १३३,०७४।९।१३ | पाठकेखोला पौडेलटोल खोलीटार सडक ३ | १३,५७,९५९।२६ | १३,००,०००।०० | १३५,९५३।२६ | ३,४२,५००।१९ | पंन्चकन्या देवी निर्माण सेवा,धनकुटा | व्यहोरिएको |
| १४१।०७४।९।१४ | उत्तरपानी अमौरा ग्रामीण सडक ९ लिसिम्बु | २०,८२,४१६।७६ | २०,००,०००।०० | २,०२,४१६।७६ | ८,८७,२०३।६८ | नबज्योती निर्माण सेवा प्रा.लि.शान्तिनगर काठमाठौ | जनश्रमदान नव्यहोरिएको |
| २६१।०७४।१२।२० | पाखीवास न.पा.ग्रा.सडक महेन्द्र मा.वि काभ्रेचुंवांग खन्द्रेग्रास | ७,३१,३८४।१५ | ७,००,०००।०० | ७३,३८४।१५ | ७३,३८४।१५ | जोपथ इन्जिनियरिंग एण्ड कन्स्ट्रक्सन प्रा.लि.सुनसरी | ,, |
| २७१।०७४।१२।२६ | पाखीबास फलातेआधिरीघाट सडक ६ | ५१,८१,३०५।१२ | ५०,००,०००।०० | ४८१,३०५।१२ | ३७,३७,०९९।९९ | प्रिमजब कन्स्ट्रक्सन प्रा.लि.,धनकुटा | ,, |
| २९०।०७५।१।७ | मन्सिचौतारा दांसिंग सिम्सोर ग्रा.सडक १० | १०,४५,१०७।१० | ९,४०,०००।०० | १,०५,७०१।१० | १०,४५,६३९,४४ | नबज्योती निर्माण सेवा प्रा.लि.शान्तिनगर काठमाठौ | ,, |
| ३०५।०७५।१।९ | कात्तिकेको फुरामांगथाना कात्तके चुम्वांग ग्रा.सडक ८ | २०,८९,१३४।९६ | २०,००,०००।०० | ८९,१३४।९६ | २०,८९,१७०।३१ | जेपाथ इन्जिनियरिंग एण्ड कन्स्ट्रक्सन प्रा.लि.सुनसरी | ,, |
| ३२९।०७५।१।२५ | डाडाखर्क डडुवा पेवांग सडक निर्माण | १०,४५,७०१।१० | १०,००,०००।०० | १,०५,७०१।१० | १०,४५,७५०।०० | त्रिलोक निर्माण सेवा | ,, |
| ३५५।०७५।१।३० | सान्ने दियाले खोलाखर्क अंघेरीघाट ग्रा.सडक | ३१,३४,०२३।३३ | ३०,००,०००।०० | ३,१४,०२३।३३ | २३,७०,१७४।२७ | सुजन निर्माण सेवा,धनकुटा | व्यहोरिएको |
| | | | २,५७,४०,०००.० | २५,३५,३२८.१२ | | | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३४. | **अनुपातिक रकमः** १७४।०७४।१०।४ बाट थाक्ले तामांगटोल धापसिरान जलदेवी ग्रामीण सडक योजनाको लागत इष्टिमेट रु.७,७४,८८२।७४ मा नगरपालिकाले रु.७,००,०००।०० उपभोक्ता समितिले रु.७४,८८२।७४ व्यहोर्ने गरी | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | २०७४।१२।३० सम्ममा कार्य सम्पन्न गर्नेगरी अध्यक्ष इन्द्र कुमार राईसंग सम्झौता भएको छ । कार्यालयमा पेश गरेको उक्त सडक कार्यको कार्य सम्पन्न विलवाट रु.७,४७,५६०।०९ कार्यमा गरेको कामको अनुपातिक हिसावमा उपभोक्तालाई रु.६६१,८११।८४ भुक्तानी गर्नुपर्नेमा रु.६,८६,०००।०० भुक्तानी गरेको छ । उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार काम भएको रकमको अनुपातिक हिसावमा भुक्तानीमा रु.२४,१८८।१६ बढी खर्च लेखेको रकम असूल हुनु पर्ने रु. | २४,१८८।१६ |
| ३४.१ | **अनुपातिक रकमः** १०१।०७४।८।१४ वाट ज्याल्पादेवी क्याम्पस घेरावारा कार्य योजना, पाखीबास ४ को लागत इष्टिमेट रु.६,००,०००।०० मा नगरपालिकाले रु.५,०००००।०० र उपभोक्ताले रु.१,००,२९०।०१ व्यहोर्ने गरी २०७३।१२।२५ मा सम्झौता भै २०७४।२।२५ मा सम्पन्न गनुपर्नेमा मिति २०७४।८।३ मा रु.५८८,९१८।८८ को कार्य गरी अनुमातिक हिसावले रु.४,९०,५३६।०८ भुक्तानी गर्नुपर्नेमा रु.५,००,०००।०० भुक्तानी गरेकोले रु.९,४६३।९२ बढी खर्च लेखेको रकम असूल हुनु पर्ने रु. | ९,४६३।९२ |
| ३५. | **गत वर्षको योजनालाई भुक्तानी :** १०१।०७४।८।१४ वाट ज्याल्पादेवी क्याम्पस घेरावारा कार्य योजना, पाखीबास ४ को लागत इष्टिमेट रु.६,००,०००।०० मा नगरपालिकाले रु.५,०००००।०० र उपभोक्ताले रु.१,००,२९०।०१ व्यहोर्ने गरी २०७३।१२।२५ मा सम्झौता भै २०७४।२।२५ मा सम्पन्न गनुपर्नेमा मिति २०७४।८।३ मा कार्य सम्पन्न गरी रु.५,००,०००।०० खर्च लेखेको छ । उक्त कार्यको इष्टिमेटमा जि.आई.कांडेटार लगाउने काम ५४७५.०० र.मी को रु.४४।६९ ले हुने रु.२,४४,६७७।७५लाग्ने उल्लेख गरेकोमा उपभोक्ता समिति.१२७८.१५ र.मी. को रु.१,४१,५४३।२६ को काडेटार खरिदको विल राखी रु.४१९६.८५ र.मी. काम नगरी रु.६,०६,७३२।२६ को डोर हाजिर समेतको विल संलग्न गरी रु.५,८८,९१८।८८ कार्य सम्पन्न गरेको देखाई रु.५,००,०००।०० खर्च लेखेको पाइएकोले गत वर्षको योजनालाई यो वर्ष भुक्तानी  नियमित नदेखिएको रु. | ५,००,०००। |
| ३६. | **मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी :-** कार्यालयसँग विभिन्न सडक निर्माण भएका आपूतर्ककहरुलाई सेवा वा सामानको भुक्तानीमा थप गरी दिएको मू.अ.कर रकमका भुक्तानी भएको पछिल्लो २५ गते भित्र आर्पूतक फर्म⁄ कम्पनी दर्ता भएको सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा जानकारी दिनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्त समितिसंग  सम्झौता गरी विभिन्न निर्माण आपुर्तकहरु मर्फत एक्साभेटर प्रयोग गरी सडक निर्माण⁄मर्मत गरेको छ । सडक निर्माण कार्यको लागि भाडामा डोजर लोडर दिने आपूर्तकले विजक जारी गर्दा असूल गरेको मु.अ.कर सम्बन्धीत आन्तरिक राजस्व कार्यलयमा दाखिला गरेको समेत देखिएन । नमूना छनोटको आधारमा लेखापरीक्षण गर्दा देखिएका केही योजनामा एक्साभेटर र डोजर प्रयोग गरी उपभोक्ता समितिलाई स्काभेटर,डोजर भाडामा दिने आपुर्तकलाई रु.२१७७२३९।२१ मूल्य अभिवृद्धि कर थप रकमको सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई जानकारी दिएको नदेखिएले उक्त  मू.अ.कर रकम दाखिला भएको कर समायोजन पत्र पेश गर्नुपर्ने रु.........<br>यस सम्नधमा २०७५।७।१९ मा भूक्तानी विवरण पठाएको कार्यालयको भनाइ रहेको छ । | २१,७७,२३९.२१ |

| गो.भौ.नं. र मिति | योजनाको नाम | स्काभेटर,डोजर भाडामा दिने आपुर्तक | कार्यालयको भुक्तानी | भाडा बापत विल रकम | मूल्य अभिवृद्धि कर रकम |
|---|---|---|---|---|---|
| ७३।२०७४।८।१ | रिंगटिंग हाउस देखि कोसेथान सडक उ.स. | सुजन निर्माण सेवा,धनकुटा | ३,००,०००।०० | २,९३,४०९।०० | ३८,१४३।२७ |
| ७७।०७४।८।५ | यलम्बरचौक हेल्थपोष्ट सिंहदेवी ग्रा. सडक उ.स. | पंचकन्या देवी निर्माण सेवा,धनकुटा | २०,००,०००।०० | २,२६,५४८।६७ | २९,४५१।३२ |
| ७९।०७४।८।८ | श्री जाल्पादेवी खेलमौदान निर्माण उपभोक्ता समिति | पाखीवास निर्माण सेवा,धनकुटा | १०,००,०००।०० | ९,२१,४१६।०० | १,१९,७८४।०० |
| ८८।०७४।८।१३ | सिंहदेवीचौक उत्तरपानी ग्रा.सडक ३ बोके उ.स | दिल निर्माण सेवा प्रा.लि.भैसिपंखा,भोजपुर | २०,००,०००।०० | ४,१३,२४१।५७ | ५३,७२१।४० |
| १०५।०७४।८।१४ | घोलाखर्क कमलटार बुच्चेडाडा ग्रा.स.स्तरउन्नती उ.स. | सुजन निर्माण सेवा,पाखीबास | ५,००,०००।०० | ४,६०,२००।०० | ५९,८२६।०० |
| १२४।०७४।९।११ | कट्टेलडांडाको सडक | सुजन निर्माण सेवा,धनकुटा | १०,००,०००।०० | ८,११,२७२।०० | १,०५,४६५।०० |
| १७४।०७४।१०।४ | थाक्ले तामांगटोल धापसिरान जलदेवी ग्रा.सडक योजना,उ.स | पंचकन्या देवी निर्माण सेवा, धनकुटा | ७,००,०००।०० | ६,४८,६७१।७२ | ८४,३२७।०० |
| २०९।०७४।१०।२५ | खत्रीडांडा घांमे सुनबालुवा ग्रा.सडक | मार्सेली निर्माण सेवा, भोजपुर | ७,००,०००।०० | ६,४८,६७२।५६ | ८४,३२७।०० |
| २१३।०७४।११।८ | वडास्तरीय डिकुरे मालसो ग्रा.सडक स्तरउन्नति ५ | सुजन निर्माण सेवा धनकुटा | १०,००,०००।०० | ९,२५,२२१।२४ | १,२०,२७८।७६ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २३१।०७४।११।२ | वडास्तरीय तकुवा नकुवा ग्रा.सडक योजना १० | पंन्चकन्या देवी निर्माण सेवा,धनकुटा | ६,००,०००।०० | ५,५९,४५५।६० | ७२,७२९।२२ |
| १३३।०७४।९।१३ | पाठकेखोला पौडेलटोल खोलीटार सडक ३ | पंन्चकन्या देवी निर्माण सेवा,धनकुटा | १३,००,०००।०० | ३,०३,०९७।५२ | ३९,४०२।६७ |
| १४१।०७४।९।१४ | उत्तरपानी अमौरा ग्रामीण सडक ९ लिसिम्बु | नबज्योती निर्माण सेवा प्रा.लि.शान्तिनगर काठमाठौ | २०,००,०००।०० | ७,८५,१३६।०० | १,०२,०६७।६७ |
| २६१।०७४।१२।२० | पाखीवास न.पा.ग्रा.सडक महेन्द्र मा.वि काभ्रेचुंवांग खन्द्रेग्रास | जोपथ इन्जिनियरिंग एण्ड कन्स्ट्रक्सन प्रा.लि.सुनसरी | ७,००,०००।०० | ६,४७,३४४।७२ | ८४,१५४।८१ |
| २७१।०७४।१२।२६ | पाखीबास फलातेआघिरीघाट सडक ६ | प्रिमजब कन्स्ट्रक्सन प्रा.लि.,धनकुटा | ५०,००,०००।०० | ३३,०७,१६८।१४ | ४,२९,९३१।८६ |
| २९०।०७५।१।७ | मन्सिचौतारा दांसिंग सिम्सोर ग्रा.सडक १० | नबज्योती निर्माण सेवा प्रा.लि.शान्तिनगर काठमाठौ | ९,४०,०००।०० | ९,२५,३४४।६४ | १,२०,३००।५३ |
| ३०५।०७५।१।९ | कात्तिकेको फुरामांगथाना कात्तके चुम्वांग ग्रा.सडक ८ | जेपाथ इन्जिनियरिंग एण्ड कन्स्ट्रक्सन प्रा.लि.सुनसरी | २०,००,०००।०० | १८,४८,८२३।२४ | २,४०,३४७।०२ |
| ३२९।०७५।१।२५ | डाडाखर्क डडुवा पेवांग सडक निर्माण | त्रिलोक निर्माण सेवा | १०,००,०००।०० | १०,००,०००।० | १,२०,३०७।५३ |
| ३५५।०७५।१।३० | सान्ने दियाले खोलाखर्क अंघेरीघाट ग्रा.सडक | सुजन निर्माण सेवा,धनकुटा | ३०,००,०००।०० | २०,९७,४९९।३६ | २,७२,६७४।९१ |
| | | | | **जम्मा** | **२१,७७,२३९.२१** |

३७. **सामाजिक सुरक्षा भत्ता** :

**क.** १५-२०७४।१२।१८ वडा नं.५ जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता १०८ जनाको रु.८,०००। को दरले जम्मा रु.८,६४,०००। खर्च लेखेकोमा उक्त खर्च १०६ जनाको रु.८,४८,०००। मात्र भुक्तानी गर्न मिल्ने देखिएकोले बढी भुक्तानी भएको देखिएको रु. — १६,०००।

**ख.** दलित बालबालिकालाई दिईएको पोषण भत्तामा केही बालबालिकाको संरक्षक विना नै वितरण गरेको देखिन्छ । बालबालिको अभिभावक सहितको उपस्थितिमा उक्त पोषण भत्ता वितरण गरिनु पर्छ ।

| भौ.नं./मिति | वडा | चौमासिक | बालबालिका संख्या | दर | रकम |
|---|---|---|---|---|---|
| १५-२०७४।१२।१८ | ५ | प्रथम | २४ | १६०० | ३८४००.०० |
| १९-२०७४।०१।२३ | ५ | दोश्रो | १० | १६०० | १६०००.०० |
| ४१-२०७५।०३।२५ | ५ | तेश्रो | १३ | १६०० | २०८००.०० |
| | | | | जम्मा | ७५२००.०० |

३८. **फरक हिसाब :** आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । आ.व.२०७४।०७५ मा नगरपालिकाको प्रमाणित खर्च विवरण अनुसार निजामती सहित स्थानीय कर्मचारीको तलव भत्ताको लागी पालिकाले जम्मा रु.६५,४९,७६१।९९ खर्च गरेको देखिन्छ । तर प्रमाणित खर्च शीर्षक र तलवको खर्च भौचर परीक्षण गर्दा आ.व.भरिमा जम्मा रु.५५,५५,०७४ मात्र खर्च भएको देखिएकोले बढी खर्च भएको सम्बन्धमा एकिन हुनु पर्ने रु. — ९,९४,६८७।९९

३९. **पदाधिकारी सुविधा :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले अनुसूची १ मा उल्लेख भए वमोजिमको रकम मासिक सुविधा वापत पाउने व्यवस्था छ । नगरपालिकाले अन्य भत्ता तथा पदाधिकारी सुविधावाट रु.६९,८१,२३०। खर्च लेखेको मध्ये अन्य भत्ता वापत रु.३४,८१,२३०। लेखेकोले अनियमित देखिएको रु... — ३४,८१,२३०।

४०. **शिक्षकको अभिलेख :–** शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ । जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत ,शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमाबलीमा व्यवस्था भए बमोजिमको अभिलेख राख्नु पर्दछ । बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिका २०७४।०७५ अनुसार स्थानिय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सम्बन्धी एकिन बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ । कार्यालयले नियमावलीले तोकेको प्रणालीको स्थापना गरेको नदेखिएको र लेखापरीक्षणको क्रममा उपरोक्त अभिलेखहरु पेश नभएकोले कार्यालयबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको सम्वन्धमा यथार्थता विश्लेषण गर्न सकिएन । | |
| | **स्वास्थ्य तर्फ** | |
| ४१. | **तलवी प्रतिवेदन -** निजामति सेवा ऐन, २०४९ को दफा ७ (२) ख मा जिल्ला स्थित सरकारी कार्यालयको निजामति कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब खुवाउन हुँदन भन्ने उल्लेख भएकोमा यस कार्यालयले स्वाथ्स्थ सेवा तर्फको कर्मचारीहरुको तलबी प्रतिबेदन मिति २०७५/३/३१ मात्र पारीत गरेको छ । कार्यालयले श्रावण महिना देखि नै तलव, भत्ता र ग्रेड रकम खर्च लेखेको भएता आर्थिक वर्षको अन्त्य तिर मात्र तलवी प्रतिवेदन पारित गरेको छ । जसले गर्दा बढी ग्रेड भुक्तानी हुने अवस्था आएमा बढी भुक्तानी भै खर्च मिलान गर्न समस्या आउने भएकोले ऐनको प्रावधान अनुसार सबै स्थायी कर्मचारीको तलबी प्रतिवेदन समयमै पारित गराउनु पर्ने देखिन्छ । | |
| ४२. | ५०-२०७५।१।११<br>**पोशाक भत्ता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) मा स्वीकृत बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने तथा ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिका अर्न्तगतका स्वास्थ्य चौकीहरुमा कार्यरत ५४ जना स्वास्थ्य सेविकाहरुलाई पोशाक भत्ता वितरणको लागि स्वास्थ्य चौकीहरुमा पठाएकोमा स्वास्थ्य सेविकाहरुले वुझेको भरपाईं अथवा उनीहरुको व्यक्तिगत वैंक खातामा पठाएको विबरण स्रेस्ता साथ संलग्न नभएकोले पेश हुनुपर्ने रु. | ४,०५,०००. |
| ४३. | **८५-२०७५।३।२५**<br>**न्यानो झोला वितरण :** स्थानीय तहमा स्वास्थ्य कार्यक्रम संचालन मार्गदर्शन २०७४/७५ को नं. ६ अन्तर्गत सुरक्षित मातृत्व कार्यक्रम प्रत्येक सुत्केरीलाई वितरण गर्नको लागि गाउंपालिकाले सशर्त अनुदानबाट रु.१,६३,०८८.३८ बाट १८३ वटा न्यानो झोला खरिद गरेको छ । यसरी खरिद भएका न्यानो झोला नगरपालिका अर्न्तगतका कुन कुन बर्थिङ सेन्टरहरुलाई कसरी वितरण गरियो त्यसको विवरण प्राप्त हुन आएन । जसले उक्त वितरित न्यानो झोलाको सहि सदुपयोग भयो भएन अनुगमन हुनु पर्दछ । | |
| ४४. | ६६-२०७५।३।११<br>**निशुल्क औषधी खरिद र वितरण -** नगरलिकाले यस वर्ष सशर्त अनुदानबाट रु.३,२९,९२२.० मुल्य बराबरका औषधीहरु खरिद गरि १७ वटा स्वास्य चौकी तथा सामुदायिक स्वाय्य इकाईहरुलाई हस्तान्तरण गरि पठाएको विवरण प्राप्त भएको छ । ७० प्रकारका औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि नगरपालिकाले पर्याप्त औषधीहरु खरिद गरेको देखिदैन भने खरिद भएका औषधीहरुको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । | |
| ४५. | **तथ्याङ्क व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) ण मा कृषि तथा पशु पालन, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी नीति निर्माण कार्यान्वयन तथा अनुगमन गर्ने गाउंपालिकाको काम कर्तव्य र अधिकार तोकिएको छ । सो कार्यका लागि कृषि पकेट क्षेत्र, फलफुल बगैचा पशुपालन समुह लगायतको तथ्याङ्क बिश्लेषणका लागि कृषि उपज बिरुवाको वितरण, पशुपालक समुहलाई बितरण गरेको रागो, कुखुरा जस्ता कृषिजन्य वस्तुको अनुदान विभिन्न शिर्षकबाट गत बिगत एवं यस वर्ष बितरण गरेको अनुदान सम्बन्धमा तथ्याङ्क व्यवस्थित गरी अनुगमन गर्ने गरेको नदेखिएकोले खर्चको प्रभावकारीता एकिन गर्न आवश्यक व्यवस्था हुनु पर्दछ । | |
| ४६. | **लक्षित समूह खर्च :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यकम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यकम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा नगरपालीकाले | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखएन । यस्ता कायंमा सुधार हुनु पर्दछ । | |
| ४७. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरंपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरंपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरंपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका कममा नगरपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरंपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ४८. | **<u>आन्तरिक राजस्वतर्फ</u>**<br>**आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउंपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले यस बर्ष रु.२५ लाख उठाउने लक्ष्य राखीएकोमा रु.३३ लाख ३८ हजार ४७२ (३३.५३ प्रतिशत) बढि संकलन गरेको छ । नगरपालिकाले राखेको राजस्व लक्ष्य न्यून नै देखिन्छ । राजस्वका बैकल्पिक स्रोतहरु पहिचान गरी नगरपालिकाको आम्दानी बृद्धि गर्ने तर्फ आवश्यक पहल गरी लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ । | |
| | **<u>जिन्सीतर्फ</u>** | |
| ४९. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ  । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले साबिकको चुङवाङ गा.वि.सको सम्पत्तिको अवस्था हालसम्म यकिन गरेको नपाईएकोले ऐनको उक्त व्यवस्थाको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ । गाउंपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगतमा उक्त गाँउ विकास समितिहरुको मोटर साइकल, कम्प्युटर, फर्निचर लगायतका समानहरु अभिलेखाङ्कन गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ५०. | **११-२०७४।५।७**<br>**पेस्की वांकी -** आथिंक कार्यविधि नियमावली , २०६४ को नियम ७७ अनुसार कुनै सरकारी कायांलयले मालसामान खरीद गर्न, सेवा उपलव्ध गनं कुनै व्यक्ति, फमं, कम्पनी वा संस्थालाइं पेश्की दिन सक्ने व्यवस्था छ । फोहरमैला व्यवस्थापन गर्ने प्रयोजनका लागि वडा अध्यक्ष श्री सोवित निरौलालाई मिति २०७४।५।७ मा दिएको पेस्की रु.४५०००.० आ.व.को अन्त्यसम्म फछ्र्यौट नभएको रु. | ४५०००.० |
| ५५ | **आन्तरीक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु** | |
| ५५.१ | ४-२०७४।६।४<br>सडक बोर्ड कार्यक्रम अर्न्तगत जलकन्या मालबासे भुल्के सडक उपभोक्ता समितिलाई भुक्तानी भएको रु.४८४१००.० को कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले कार्य सम्पन्न प्रतिवेदन पेश गरी नियमित गर्नुपर्ने रु. | ४,८४,१००. |
| ५५.२ | २२६-२०७४।११।०९<br>वडा नं. १ कार्यालयलाइ वडा व्यवस्थापन कार्यक्रममा रु.५०२९०.० को कुर्सी खरिद गरेकोमा दाखिला प्रतिवेदन संलग्न नभएकोले नियमित गर्नुपर्ने रु. | ५०२९०.० |
| ५५.३ | २५०-२०७४।१२।१९<br>वित्तिय समानीकरण मा रु.४९८८६२.२९ मात्र को जस्तापाता खरिद गरी विपदमा परेकालाई तोक आदेश बमोजिम जस्ता पाता सहयोग गरेकोमा कार्यविधि नबनाई वितरण गर्दा दोहोरो पर्ने र पिडितले नपाउने सम्भावना रहने हुदा कार्यविधि बनाई जस्तापाता लगायत अन्य सामाग्रीहरु वितरण गर्न उपयुक्त देखिन्छ । | |
| ५६. | **बित्तिय जबाफदेहिता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) मा प्रत्येक मन्त्रालय,विभागीय | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी बित्तिय जबाफदेहिता बहन गर्नु पर्ने उल्लेख छ । बित्तिय जबाफदेहिताका सुचक को आधारमा कार्यालयको बित्तिय जबाफदेहिताको स्थिति मुल्यांकन गर्दा संगठन संरचना तथा कार्यबिबरण एब जिम्मेबारी स्वीकृत नभएको,आन्तरीक नियन्त्रण प्रणाली स्वीकृत नगरेको,कार्यक्रम सचालनमा कम बजेट खर्च भएको, बेरुजु लगत तथा फछ्र्यौटको स्थीति न्युन रहेको, नागरिक बडापत्र तथा सेवा प्रबाहको गुणस्तरीयता अभिबृदिमा कमजोर रहेको,ठेक्का बन्दोबस्त तथा ठेक्का सम्झौता कार्यान्वयनमा कमजोर रहेको, आदी कारणबाट ६० अंक प्राप्त गरि ग्रेड **बी** मा पर्न गएको छ । अत बित्तिय जबाफदेहिताका मुख्य पक्षहरु व्यबस्थापकीय, बित्तिय व्यबस्थापन, सेवा प्रबाह तथा खरिद व्यबस्थापन,र ठेक्का सम्झौता कार्यान्बयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५७ | **बेरुजू -** पाख्रीवास नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.३४ हजार, अनियमित बेरुजू रु. ७५ लाख १२ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.३५ लाख २६ हजार र पेश्की बाँकी देखिएको रु. ४५ हजार समेत रु.१ करोड ११ लाख १७ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट १० हजार फछ्र्यौट भई रु.१ करोड ११ लाख ७ हजार बेरुजू कायम भएको छ । | |
| ५८ | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : | |

| गत वर्षको बेरुजू रकम रु. | यो वर्ष फछ्र्यौट | बाँकी बेरुजू |
|---|---|---|
| २५२१००० | ० | २५२१००० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ५९ | **अद्यावधिक बेरुजू स्थिति :** पाख्रीवास नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी | यो वर्षको सं प.बाट कायम बेरुजू | यो वर्षको कायम बेरुजू | बाँकी बेरुजू |
|---|---|---|---|
| २५२१००० | ० | १११०६४८३.४१ | १३६२७४८३.४१ |

अनुसूची . १

## पाखीबास नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

### आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | धनकुटा | पाखिवास न.पा | ४४ | १४ | ११११७ | ० | १ | १० | ४४ | १३ | १११०७ | ३४ | ७५१२ | ३५१६ | ० | ० | ११०६२ | ४५ | ० | ४५ |

अनुसूची- २

## स्थानिय तह सञ्चित कोषको विवरण

### आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तहको नाम | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १ | पाखिवास नगर पालिका | धनकुटा | १८४६५ | १६०५८७ | १०४२९ | १५३४७२ | ३२४४८८ | २५९२७ | १२०३५३ | १५५४४७ | ३०१७२७ | ४१२२६ |

.